# नेपालको स्थानीय तह निर्वाचन २०७९ को पर्यवेक्षण

डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल

# नेपालको स्थानीय तह निर्वाचन २०७९ को पर्यवेक्षण

असार २०७९

डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल

नेपालको स्थानीय तह निर्वाचन २०७९ को पर्यवेक्षण

प्रकाशन वर्ष २०७९ (सन् २०२२)

*प्रकाशक*
डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन)
कुपण्डोल, ललितपुर
फोन : ०१-५९०२२८६
इमेल : info@democracyresource.org
www.democracyresource.org

सर्वाधिकार © डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन)
काठमाडौँ, नेपालमा मुद्रित

# विषयसूची


| | |
|---|---|
| **आभार** | ङ |
| **१. परिचय** | १ |
| पर्यवेक्षण विधि | १ |
| **२. राजनीतिक पृष्ठभूमि** | २ |
| **३. कानूनी संरचना** | ४ |
| **४. निर्वाचन तयारी** | ७ |
| कर्मचारी व्यवस्थापन | ८ |
| कर्मचारी तालिम | ८ |
| उम्मेदवारी दर्ता | ९ |
| मतदाता नामावली | ९ |
| मतदाता परिचयपत्र वितरण | १० |
| मतदाता परिचयपत्रमा त्रुटि | ११ |
| **५. निर्वाचन प्रचारप्रसार** | ११ |
| प्रचारप्रसारका माध्यम | ११ |
| प्रचारप्रसार खर्च | १२ |
| खर्चको जोहो | १४ |
| चुनावी मुद्दा | १४ |
| आचारसंहिता | १५ |
| **६. मतदाता शिक्षा** | १६ |
| निर्वाचन आयोगको कार्यक्रम | १६ |
| उम्मेदवारको पहल | १७ |

**७. मतदानको दिनको गतिविधि** १८
मतदान स्थल १८
मतदान शुरूआत १९
मतदाता व्यवस्थापन १९
मतदान गर्न रोक २०
गोपनीयता २०
असक्तलाई सहयोगी २१
सवारी साधन प्रयोगमा रोक २१
समापन २२

**८. मतगणना** २३

**९. पर्यवेक्षणका चुनौती** २४

**१०. सुझाव** २६

**अनुसूची**
पर्यवेक्षक र पर्यवेक्षण गरिएका स्थानीय तहको विवरण २८

# आभार

स्थानीय तह निर्वाचन २०७९ को पर्यवेक्षणका क्रममा अन्तर्वार्ता गरिएका राजनीतिक दलका प्रतिनिधि तथा उम्मेदवार, निर्वाचनमा खटिएका कर्मचारी, संघसंस्थाका प्रतिनिधि, पत्रकार र नागरिकलाई डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन) आभार व्यक्त गर्दछ ।

यस पर्यवेक्षणका लागि द एसिया फाउन्डेशनले आर्थिक तथा प्राविधिक सहयोग गरेको हो । यस प्रतिवेदनका सबै निचोड तथा निष्कर्ष डीआरसीएनको पर्यवेक्षणमा आधारित छन् । तिनमा सहयोगी संस्थाको धारणा प्रतिबिम्बित भएको छैन ।

**डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन)**
कुपण्डोल, ललितपुर

# १. परिचय

संघीय संरचनाअन्तर्गत वैशाख ३०, २०७९ मा स्थानीय तहको दोस्रो निर्वाचन सम्पन्न भयो। कुल ७५३ स्थानीय तहमा ३५,२२१ जनप्रतिनिधि छानिने गरी महानगरपालिका प्रमुख/उपप्रमुख छ/छ, उपमहानगरपालिका प्रमुख/उपप्रमुख ११/११, नगरपालिका प्रमुख/उपप्रमुख २७६/२७६, गाउँपालिका अध्यक्ष/उपाध्यक्ष ४६०/४६०, वडाध्यक्ष ६,७४३, वडा महिला सदस्य/दलित महिला सदस्य ६,७४३/६,७४३ र खुला वडा सदस्य १३,४८६ का लागि निर्वाचन भयो ।

## पर्यवेक्षण विधि

डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन) ले निर्वाचन पूर्वका क्रियाकलाप, मतदान प्रक्रिया र निर्वाचन पश्चातका गतिविधिको पर्यवेक्षण गरेको थियो। यसका लागि परिमाणात्मक र गुणात्मक विधि अपनाइएको थियो । निर्वाचन पूर्वका क्रियाकलापको पर्यवेक्षण गर्न राजनीतिक वातावरण, निर्वाचन तयारी, उम्मेदवार छनोट तथा मनोनयन, प्रचारप्रसार, मतदाता शिक्षा र मौन अवधि लगायतका विषयवस्तु समेटिएको प्रश्नावली तयार पारिएको थियो । मतदान प्रक्रिया पर्यवेक्षण प्रश्नावलीमा मतदानको शुरूआत, मतदान र मतदानको समापन प्रक्रिया समेटिएको थियो। निर्वाचन पश्चातका गतिविधिको पर्यवेक्षण प्रश्नावलीमा मतगणना प्रक्रिया, मत बदर दर, सुरक्षा व्यवस्था आदिबारे प्रश्न थिए। यसबाहेक समग्र पर्यवेक्षणलाई समेटी पर्यवेक्षकले एक समष्टिगत तथा विश्लेषणात्मक प्रतिवेदन पनि तयार पारेका थिए।

पर्यवेक्षणका लागि डीआरसीएनले सातै प्रदेशका ५४ स्थानीय तहमा ७० पर्यवेक्षक खटाएको थियो । तीमध्ये ३६ पुरुष र ३४ महिला थिए । सुदूरपश्चिम प्रदेशमा नौ, कर्णाली प्रदेशमा पाँच, लुम्बिनी प्रदेशमा आठ, गण्डकी प्रदेशमा १०, बागमती प्रदेशमा २३, मधेश प्रदेशमा १० र प्रदेश १ मा पाँच पर्यवेक्षक खटिएका थिए। यीमध्ये लामो अवधिका छ र छोटो अवधिका ६४ पर्यवेक्षक थिए। लामो अवधिका पर्यवेक्षकले निर्वाचन तयारी, मतदान प्रक्रिया र मतगणनाको पर्यवेक्षणका साथै निर्वाचन पूर्वका राजनीतिक वातावरण पनि पर्यवेक्षण गरेका थिए। छोटो अवधिका पर्यवेक्षकले निर्वाचन तयारी, मतदान प्रक्रिया र मतगणनाको पर्यवेक्षण गरेका थिए। यही पर्यवेक्षणबाट प्राप्त तथ्यका आधारमा यो प्रतिवेदन तयार पारिएको हो।

# २. राजनीतिक पृष्ठभूमि

तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का अध्यक्ष तथा प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीले पुस ५, २०७७ मा प्रतिनिधि सभा विघटन गरे । नेकपाकै तत्कालीन अर्का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' को समूह र नेता माधवकुमार नेपालको समूहले प्रतिनिधि सभा विघटनको विरोध गर्दै सडक सङ्घर्ष गरे । तत्कालीन प्रतिपक्षी दल नेपाली काँग्रेस र जनता समाजवादी पार्टी (जसपा) ले पनि विरोध प्रदर्शन गरे । प्रधानमन्त्रीको उक्त कदमविरुद्ध नागरिक आन्दोलन पनि सडक सङ्घर्षमा उत्रियो । सर्वोच्च अदालतमा प्रतिनिधि सभा विघटनविरुद्ध रिट दायर भयो । सो रिटमाथि फागुन ११, २०७७ मा संवैधानिक इजलासले प्रतिनिधि सभा विघटनलाई खारेज गर्दै प्रतिनिधि सभा पुनर्स्थापना हुने निर्णय गर्‍यो । नैतिकताका आधारमा प्रधानमन्त्रीले राजीनामा दिनुपर्ने चौतर्फी माग उठे पनि खड्गप्रसाद शर्मा ओलीले राजीनामा दिएनन् ।

प्रतिनिधि सभा पुनर्स्थापनालगत्तै फागुन २३, २०७७ मा नेपाल कम्युनिष्ट पार्टीको नामसम्बन्धी विवादमा सर्वोच्च अदालतले नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) मिलेर बनेको नेकपालाई खारेज गरी अलग-अलग राजनीतिक दल हुने फैसला गर्‍यो । तथापि, नेकपा (एमाले) ब्युँतिसकेपछि पनि खड्गप्रसाद शर्मा ओली र माधवकुमार नेपाल समूहबीच अन्तरविरोध र सङ्घर्ष अझ चुलिँदै गयो । यसैबीच तत्कालीन प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीले वैशाख २७, २०७८ मा प्रतिनिधि सभाबाट विश्वासको मत पाउन सकेनन् । माधवकुमार नेपाल पक्षका २८ सांसद प्रतिनिधि सभाको बैठकमा अनुपस्थित भए ।

नेकपा (एमाले) भित्रको शक्ति सङ्घर्षबाट बढ्दै गएको सङ्कट टार्न तत्कालीन प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीले दोस्रो पटक जेठ ८, २०७८ मा प्रतिनिधि सभा विघटन गरे । प्रधानमन्त्रीको रूपमा शेरबहादुर देउवालाई समर्थन गर्दै नेकपा (एमाले) कै माधवकुमार नेपाल पक्षीय सांसदसहित १४६ सांसदले सर्वोच्च अदालतमा उपस्थित भएर प्रतिनिधि सभा विघटन गर्ने निर्णयविरुद्ध रिट निवेदन दिए । संवैधानिक इजलासले प्रतिनिधि सभा विघटन गर्न नमिल्ने ठहर गर्दै त्यससम्बन्धी सबै निर्णय उत्प्रेषणका आधारमा बदर गर्ने फैसला गर्‍यो । सो फैसलामा शेरबहादुर देउवाले १४९ सांसदको हस्ताक्षरसहित प्रधानमन्त्री पदमा गरेको दाबी

वैधानिक देखिएकोले दुई दिनभित्र उनलाई प्रधानमन्त्री नियुक्त गर्नू भनी राष्ट्रपति कार्यालयको नाममा परमादेश जारी गर्‍यो ।

शेरबहादुर देउवा प्रधानमन्त्री नियुक्त भएसँगै उनको नेतृत्त्वको सरकारले राजनीतिक दलसम्बन्धी अध्यादेश जारी गर्‍यो । यो अध्यादेशमा २० प्रतिशत सांसद वा केन्द्रीय सदस्यले दल विभाजन गर्न पाउने व्यवस्था गरिएको थियो । माधवकुमार नेपाल पक्षलाई नेकपा (एमाले) विभाजन गर्न सहज हुने हेतुले सो अध्यादेश जारी गरिएको थियो । सोहीअनुरूप संघीय संसद्को दुवै सदनको १५४ जना नेकपा (एमाले) का सांसदमध्ये २९ जनाले निर्वाचन आयोगमा गएर सनाखत गरेपश्चात माधवकुमार नेपालको नेतृत्वमा नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) गठन भयो । विभिन्न राजनीतिक उतारचढावबीच पाँच दलीय गठबन्धनको सरकार बन्यो ।

*स्थानीय तह निर्वाचन ऐन, २०७४* अनुसार २०७४ सालमा निर्वाचित स्थानीय जनप्रतिनिधिको कार्यकाल जेठ ५, २०७९ मा सकिन्थ्यो । नेपालको संविधानले स्थानीय तह जनप्रतिनिधि विहीनताको कल्पना गरेको छैन । त्यसैले पाँच दलीय गठबन्धन सरकारसामु जेठ ५, २०७९ अगावै स्थानीय तहको निर्वाचन सम्पन्न गर्नुपर्ने संवैधानिक दायित्व थियो । यद्यपि, गठबन्धन सरकारले सार्वजनिक गरेको साझा न्यूनतम कार्यक्रममा स्थानीय तहको निर्वाचन गराउनेबारे उल्लेख थिएन । यसले सरकार स्थानीय तह निर्वाचन समयमा सम्पन्न गराउनेमा तदारुक नरहेको देखियो । नेकपा विघटनसँगै पुन: अस्तित्वमा आएको नेकपा (माओवादी केन्द्र) सांगठनिक रूपमा बौरन प्रयासरत थियो । त्यसै गरी गठबन्धनकै अर्को दल नेकपा (एकीकृत समाजवादी) ले पनि भर्खरै संगठन विस्तार थालेको थियो । त्यसैले स्थानीय तहको निर्वाचनमा गइहाल्न दुई दल तयार थिएनन् ।  तिनले सकेसम्म स्थानीय तह निर्वाचन पर धकेलियोस् भन्ने चाहन्थे । विकल्पमा ती दुवै दलले स्थानीय तह निर्वाचनको मिति पछि सार्ने र प्रतिनिधि सभा तथा प्रदेश सभाको निर्वाचन अगाडि सार्दै तीनै तहको निर्वाचन एकै चोटि गर्ने प्रस्ताव ल्याए । यसो गर्न स्थानीय तह निर्वाचन ऐन पनि संशोधन गर्न खोजियो । यसको चौतर्फी चर्को विरोध भयो ।

निर्वाचन आयोग नेपालले निर्वाचनको मिति तोक्न पटक-पटक सरकारको ध्यानाकर्षण गरायो । प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) ले पनि स्थानीय तहको निर्वाचन गराउन सरकारलाई दबाब दिइरह्यो । राष्ट्रपति विद्यादेवी भण्डारीले समेत स्थानीय तह सदस्यको

कार्यकाल सकिनुअगावै निर्वाचन गराउन सरकारलाई जोड गरिन् ।[1] यसरी समयमै निर्वाचन सम्पन्न गर्नुपर्ने आवाज विभिन्न पक्षबाट व्यापक उठेको थियो । यिनै दबाबमाझ माघ २५, २०७८ मा नेपाल सरकारले वैशाख ३०, २०७९ मा स्थानीय तहको निर्वाचन गर्ने घोषणा गर्‍यो ।

## ३. कानूनी संरचना

नेपालको संविधानको धारा २४५, २४६ र २४७ ले निर्वाचन आयोगको गठन, काम, कर्तव्य र अधिकारबारे व्याख्या गर्दछ । निर्वाचन आयोगले संविधानका यिनै प्रावधानमा आधारित भई निर्वाचन सञ्चालन तथा व्यवस्थापन गर्छ । स्थानीय निर्वाचनका लागि मूलतः *निर्वाचन आयोग ऐन, २०७३*; *स्थानीय तह निर्वाचन ऐन, २०७३*; *मतदाता नामावली ऐन, २०७३*; *निर्वाचन कसूर तथा सजाय ऐन, २०७३*; *निर्वाचन क्षेत्र निर्धारण ऐन, २०७३* र *राजनीतिक दलसम्बन्धी ऐन, २०७३* ले दिशानिर्देश गर्छन् । त्यसबाहेक विभिन्न नियमावली, निर्देशिका, कार्यविधि, नीति र आचारसंहिताले निर्वाचन प्रक्रियालाई सघाउँछन् ।

निर्वाचन आयोग निर्वाचन सम्पन्न गराउने दायित्व सहितको एक स्वायत्त संवैधानिक अङ्ग हो । यसका आयुक्तको नियुक्तिका लागि निश्चित छनोट प्रक्रिया छन् । तर तिनलाई नजरअन्दाज गर्दै राजनीतिक दलहरूले आ-आफ्ना स्वार्थअनुकूल आयुक्त नियुक्त गर्ने गरेका छन् । त्यसबाहेक सरकारले आर्थिक तथा वित्तीय गतिविधिमा अंकुश लगाउने र जनशक्तिका लागि पनि सरकारकै मुख ताक्नुपर्ने बाध्यता छ । *निर्वाचन आयोग ऐन, २०७३* मा निर्वाचन आयोगले 'भइपरि' भन्ने शीर्षकमा भएको बजेट खर्च गर्नका लागि कसैको स्वीकृति लिन नपर्ने प्रावधान थियो । तर *केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५* ले उक्त प्रावधान संशोधन गरी त्यसका लागि अर्थ मन्त्रालयको सहमति चाहिने बनाएको छ । त्यसै गरी अस्थायी दरबन्दी सिर्जना गर्ने वा करार र ज्यालादारीमा कर्मचारी नियुक्त गर्ने आयोगको अधिकारलाई सोही ऐनले अर्थ मन्त्रालयको स्वीकृति लिनुपर्ने बनाएको छ । संविधानले निर्वाचन आयोगलाई

---

[१] हिमालखबर । २०७८ । स्थानीय निर्वाचनबारे कुनै अलमल आवश्यक छैन: राष्ट्रपति भण्डारी । *हिमालखबर*, माघ २५ । https://www.himalkhabar.com/news/128070 मा उपलब्ध; जेठ २७, २०७९ मा हेरिएको ।

स्वायत्त निकायको रूपमा परिभाषित गर्न खोजे पनि माथिका दृष्टान्तले व्यवहारतः यसको उक्त भूमिका खुम्चिएको पुष्टि गर्छन् ।

नेपालको संविधानमा निर्वाचन क्यालेन्डर निश्चित गरिएको छैन । सरकारले आफ्नो अनुकूलतामा निर्वाचनको मिति तोक्ने अभ्यास छ । निर्वाचन आयोगका अनुसार निर्वाचन तयारीका लागि न्यूनतम १२० दिन आवश्यक पर्छ । तर सरकारले आफ्नो अनुकूलतामा निर्वाचन मिति घोषणा गरिदिंदा आयोगलाई हतार-हतारमा निर्वाचन तयारी गर्नुपरेको छ । यसले गर्दा निर्वाचन सञ्चालन तथा व्यवस्थापनमा अनेकौँ बेथिति देखा परेका छन् ।

संविधानले स्थानीय तहमा निर्वाचित पदाधिकारीको कार्यकाल पाँच वर्ष किटान गरेको छ । यसको धारा २२५ मा 'गाउँ सभा र नगर सभाको कार्यकाल निर्वाचन भएको मितिले पाँच वर्षको हुनेछ । त्यस्तो कार्यकाल समाप्त भएको छ महिनाभित्र अर्को गाउँ सभा र नगर सभाको निर्वाचन सम्पन्न गर्नुपर्नेछ' भनिएको छ । यो धाराको दोस्रो वाक्यांशसँग भने *स्थानीय तह निर्वाचन ऐन, २०७३* को दफा ३(१) बाझिएको छ । यो दफामा 'सदस्यको निर्वाचन गाउँ सभा वा नगर सभाको कार्यकाल सकिनु दुई महिना अगाडि हुनेछ' भनिएको छ । संविधानले प्रतिनिधि सभा र प्रदेश सभाको कार्यकाल एक वर्षसम्म थप गर्न सक्ने व्यवस्था गरे पनि स्थानीय तहका जनप्रतिनिधिको कार्यकाल थप गर्ने संवैधानिक प्रावधान भने छैन । यसले स्थानीय तहको पहिलो कार्यकाल सकिएपछि दोस्रो निर्वाचन कहिले गर्ने भन्ने सन्दर्भमा विवाद उत्पन्न भयो । यद्यपि, सरकारले स्थानीय तहको निर्वाचन वैशाख ३०, २०७९ मा सम्पन्न गर्ने घोषणा गर्‍यो ।

विदेशमा बस्ने नेपालीलाई पनि मतदानको प्रबन्ध मिलाउन सर्वोच्च अदालतले चैत ७, २०७४ मा निर्देशनात्मक आदेश दियो । तर त्यसबारे न त ऐन बनेको छ न अन्य कुनै तयारी भएको छ । त्यसै गरी पुस २१, २०७० मा सर्वोच्च अदालतले मतपत्रमा 'कुनै उम्मेदवारलाई मेरो मत छैन (नो भोट)' भनी संकेत गर्ने प्रावधान हुनुपर्ने आदेश दिए पनि कार्यान्वयन हुन सकेको छैन ।[2] *मतदाता नामावली ऐन, २०७३* अनुसार मतदाता नामावली दर्ता गर्नलाई पनि निर्वाचन आयोगले तोकेको स्थान र समयमा नागरिक उपस्थित हुनुपर्छ । ती स्थानमा उपस्थित हुन नसक्ने नागरिक मताधिकारबाट वञ्चित भएका छन् ।

---

[2] पौड्याल, अजवी । २०७९ । खै 'नो भोट' को ठाउँ ? *अन्नपूर्ण पोस्ट*, वैशाख २९ । https://annapurnapost.com/news/where-is-the-no-vote-203163 मा उपलब्ध; असार १२, २०७९ मा हेरिएको ।

निर्वाचन चिह्नका आधारमा निर्वाचन गरिने प्रावधान छ र राष्ट्रिय दलको मान्यता प्राप्त गरेका दलहरूको निर्वाचन चिह्न निश्चित हुने भएकाले मतदाता पहिलेदेखि नै परिचित छन् । तर राष्ट्रिय दलको मान्यता प्राप्त नभएका दलका उम्मेदवार र स्वतन्त्र उम्मेदवारलाई भने त्यो सुविधा प्राप्त छैन । त्यस्ता उम्मेदवारले उम्मेदवारको अन्तिम सूची प्रकाशन भएपछि मात्रै निर्वाचन चिह्न पाउँछन् । अर्कोतिर, राष्ट्रिय  दलको मान्यता नपाएका दलका उम्मेदवारलाई पनि स्वतन्त्र उम्मेदवार सरह निर्वाचन चिह्न प्रदान गर्ने प्रावधान छ । यद्यपि, यस स्थानीय निर्वाचनमा ती दलले त्यसको विरोध गरेपछि जिल्लामा सक्रिय रहेको र दलकै चिह्न दिन आग्रह गरेको निवेदन मागी त्यसकै आधारमा दलीय निर्वाचन चिह्न प्रदान गरिएको थियो ।[3]

उम्मेदवारले मनोनयनपत्र दाखिला गर्दा स्थानीय तहको ठेक्कापट्टा वा चल अचल सम्पत्तिसम्बन्धी व्यवहारमा संलग्न नरहेको घोषणा गर्नुपर्ने प्रावधान निर्वाचन आयोगले राखेको थियो । तर यो प्रावधान संविधानको मर्म विपरीत हो भन्दै सर्वोच्च अदालतमा मुद्दा पर्‍यो । आफ्नो ठेक्का कारोबार भएको स्थानीय तह बाहेकका अन्य स्थानीय तहमा उम्मेदवार हुनबाट नरोक्नू भनी अदालतले वैशाख ५, २०७९ मा अन्तरिम आदेश जारी गर्‍यो ।

*निर्वाचन आयोग ऐन, २०७३* ले निर्वाचनमा उम्मेदवारले गर्न पाउने खर्चको हद निर्धारण गरेको छ । साथै निर्वाचन सकिएको ३० दिनभित्र उम्मेदवारले खर्चको विवरण निर्वाचन आयोगमा बुझाउनुपर्ने प्रावधान छ । अपारदर्शी स्रोतबाट रकम लिई निर्वाचनमा अधिक खर्च गर्ने अनि चुनाव जितेपछि त्यस्ता अपारदर्शी स्रोतको पक्षपोषण गर्ने विकृति रोक्न राज्यले नै राजनीतिक दललाई निश्चित रकम दिने अभ्यास केही देशमा छ ।[4] निर्वाचन आयोगको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०७६/७७–२०८०/८१) मा नेपालमा पनि यस्तो अभ्यास थाल्न पहल गरिने प्रतिबद्धता जनाइएको छ ।[5]

---

[३] कान्तिपुर । २०७८ । साना दललाई 'पुरानै चिह्न' । *कान्तिपुर*, चैत १ । https://ekantipur.com/news/2022/03/15/164730597441159149.html मा उपलब्ध; असार १३, २०७९ मा हेरिएको ।

[४] Ohman, Magnus. 2012. *Political Finance Regulations Around the World: An Overview of the International IDEA Database.* Sweden: International Institute for Democracy and Electoral Assistance. Available at https://www.idea.int/sites/default/files/publications/political-finance-regulations-around-the-world.pdf; accessed on June 27, 2022.

[५] निर्वाचन आयोग नेपाल । २०७६ । *तेस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०७६/७७–२०८०/८१)* । काठमाडौँ : निर्वाचन आयोग नेपाल ।

*स्थानीय निर्वाचन (मतगणना) निर्देशिका, २०७४* ले मतगणना प्रक्रियाको विधि निर्धारण गरेको छ । यसका अनुसार एउटा स्थानीय तहको सबै मतपेटिका एकै स्थानमा संकलन गर्नुपर्छ । यसले गर्दा ओसारपसार झञ्झटपूर्ण हुनुका साथै मतगणना शुरू गर्न पनि ढिलो हुने गरेको छ । उक्त निर्देशिकाले मतपेटिका संकलन गरिएकै स्थानको निश्चित भवनमा मात्र गणना गर्नुपर्ने र सोही स्थानको अन्य भवनमा समेत मतपेटिका सारेर गणना गर्न रोक लगाएको छ ।

*स्थानीय तह निर्वाचन ऐन, २०७३* को दफा १७(४) अनुसार दलबाट मनोनयनपत्र पेश गर्दा अध्यक्ष र उपाध्यक्ष, प्रमुख र उपप्रमुख तथा जिल्ला समन्वय समितिको प्रमुख र उपप्रमुखमध्ये ५० प्रतिशत महिला उम्मेदवार रहने गरी मिलाउनुपर्ने प्रावधान छ । तर गठबन्धन गर्ने दललाई यो दफा बाध्यकारी छैन । यसले महिलाको प्रतिनिधित्वलाई सुनिश्चित हुनुपर्ने व्यवस्थालाई चुनौती दिन्छ ।

निर्वाचनलाई निर्देशन गर्ने कानून धेरै छन् । तीमध्ये कतिपय कानून बाझिएका र दोहोरिएका छन् । यसले निर्वाचन सञ्चालन तथा व्यवस्थापनमा अन्योल सिर्जना गरेको छ । त्यसै हुनाले निर्वाचन आयोगले तेस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०७६/७७–२०८०/८१) मा निर्वाचनसम्बन्धी एकीकृत कानून बनाउने लक्ष्य राखेको छ ।

## ४. निर्वाचन तयारी

निर्वाचन आयोगले निर्वाचन कार्यक्रमको कार्यतालिका चैत १२, २०७८ मा सार्वजनिक गर्‍यो । उक्त कार्यतालिकाअनुसार वैशाख ११ र १२, २०७९ मा उम्मेदवारको मनोनयन दर्ता, वैशाख १२ मा दर्ता भएका उम्मेदवारको सूची प्रकाशन, वैशाख १३ मा उम्मेदवारीविरुद्ध उजुरी, वैशाख १४ र १५ मा उजुरी उपर जाँचबुझ गरी नामावली प्रकाशन, वैशाख १६ मा उम्मेदवारले नाम फिर्ता लिने, र वैशाख १७ मा अन्तिम नामावली प्रकाशन गरी उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरियो । वैशाख १७ देखि २७ सम्म प्रचारप्रसार, वैशाख २८ र २९ मा मौन अवधि र वैशाख ३०, २०७९ मा मतदान भयो ।

## कर्मचारी व्यवस्थापन

चैत २९, २०७८ मा सबै जिल्लामा जिल्ला न्यायाधीशले मुख्य निर्वाचन अधिकृतको कार्यभार सम्हाले । तिनले जिल्ला सदरमुकाम रहेको स्थानीय तहको निर्वाचन अधिकृतको जिम्मेवारी पनि पाए । वैशाख ८, २०७९ मा ७५३ स्थानीय तहमा निर्वाचन अधिकृतको कार्यालय स्थापना भयो ।

जिल्ला निर्वाचन कार्यालयले मतदान सञ्चालनका लागि जिल्लास्थित सरकारी कार्यालयबाट प्राप्त कर्मचारीको विवरण मुख्य निर्वाचन अधिकृतको कार्यालयलाई उपलब्ध गराएको थियो । यद्यपि, उक्त विवरणमा त्रुटि थिए । जिल्लामा उपलब्ध नभएका, अवकाश लिइसकेका तथा मृत्यु भइसकेका कर्मचारीको विवरण पनि पठाइएको थियो । यसरी जिल्लामा उपलब्ध नभएका कर्मचारीको विवरण पठाउँदा मुख्य निर्वाचन अधिकृतको कार्यालयलाई आवश्यक कर्मचारी पूर्ति गर्न गाह्रो भएको थियो ।

## कर्मचारी तालिम

पर्यवेक्षण गरिएका जिल्लामा मतदान अधिकृत र सहायक मतदान अधिकृतलाई एक दिने तालिम दिइएको थियो । सो तालिम वैशाख २२ देखि २६, २०७९ को बीचमा फरक-फरक मितिमा भएको थियो । मतदान स्थलको व्यवस्थापन, सर्वपक्षीय बैठक, मतदान प्रक्रिया, मतपेटिका सिल गर्ने, मुचुल्का उठाउने, विवाद समाधानका उपाय लगायतका विषयमा तालिम दिइएको थियो । यद्यपि, छोटो अवधिको तालिम र त्यसमा पनि धेरै सहभागी भएको हुँदा निर्वाचनको विधि र प्रक्रियाबारे विस्तृत जानकारी पाउन नसकेको गुनासो अधिकांश मतदान अधिकृतले गरे । मतदानको दिन खटिएका कर्मचारी मतदान प्रक्रियाबारे अलमलिएको र एक अर्कालाई सोधिरहेको पर्यवेक्षकले देखेका थिए ।

सुदूरपश्चिम प्रदेशको धनगढीमा कैलाली जिल्ला भरिका मतदान अधिकृत र सहायक मतदान अधिकृतलाई एक दिने तालिमका लागि बोलाइएको थियो । निर्वाचनको सैद्धान्तिक पक्षको चर्चा गरेर आधा दिनमै उक्त तालिम सिध्याइयो । पहिलो पटक निर्वाचनमा खटिएका कर्मचारीलाई निर्वाचनको व्यावहारिक पक्षबारे प्रस्ट नहुँदा काम गर्न गाह्रो भएको बताइयो । जानकी गाउँपालिकाको सरस्वती माध्यमिक विद्यालय मतदान स्थलमा खटिएका कर्मचारीले

भने, "मतदान सञ्चालन गर्दा एकपछि अर्को चरणमा के गर्ने भन्ने सिकाइएन । मतपेटिका कसरी सिल गर्ने, मुचुल्का कसरी उठाउने, सर्वपक्षीय बैठकमा एजेण्डा के हुने थाहा भएन ।" यस खालको तालिमबाट मतदान सञ्चालन गर्न कठिन हुने ठानेपछि जानकी गाउँपालिकामा खटिने मतदान अधिकृत तथा सहायक मतदान अधिकृतले विगतका निर्वाचन सञ्चालन गरिसकेका कर्मचारीबाट सिकेको बताइयो । तीमध्ये एक मतदान अधिकृतका अनुसार नियमित छलफल तथा जानकारीका लागि मेसेन्जर समूह बनाएर सूचना आदानप्रदान गरिएको थियो । मतदान अधिृकत र सहायक मतदान अधिकृतबाहेक मतदान केन्द्रमा खटिएका अन्य कर्मचारीलाई तालिमको व्यवस्था नहुनाले काम गर्न गाह्रो भएको गुनासो ती कर्मचारीले गरे ।

## उम्मेदवारी दर्ता

वैशाख ११ र १२, २०७९ मा उम्मेदवारी दर्ताको समय तोकिएको थियो । पर्यवेक्षण गरिएका स्थानीय तहमा पहिलो दिन उम्मेदवारी दर्ता निकै कम भयो । दोस्रो दिन पनि अपराह्नपछि मात्र उम्मेदवारी दर्ता गर्न उम्मेदवार आए । धेरै उम्मेदवार एकैपटक आउनु, कर्मचारीको संख्या सीमित हुनु जस्ता कारणले दर्ता प्रक्रिया नै अस्तव्यस्त भएको थियो । कर्मचारीलाई उम्मेदवारी दर्ता प्रक्रिया सम्हाल्न हम्मेहम्मे परेको थियो । सुदूरपश्चिम प्रदेशको टीकापुर नगरपालिकाका निर्वाचन अधिकृतले भने, "वैशाख ११ मा एउटा दलले मात्र उम्मेदवारी दर्ता गरायो । अन्य दल वैशाख १२ मा ढिलो गरी आइपुगे । त्यसैले सबै प्रक्रिया पूरा गर्दा रातको १ बजेको थियो ।" मनोनयन दर्ता प्रक्रिया लामो र झन्झटिलो भएको उम्मेदवारले बताए । बागमती प्रदेशको गोसाइँकुण्ड गाउँपालिकाका एक उम्मेदवारले भने, "हाम्रो दलका सबै उम्मेदवारका लागि मतदाता परिचयपत्र, नागरिकता, फोटो जस्ता कागजात रुजु गरी पेश गर्नुका साथै उम्मेदवारी दर्ता फारम भर्ने, समर्थक एवं प्रस्तावकको विवरण भर्ने जस्ता प्रक्रिया सम्पन्न गर्न लगभग छ घण्टा लागेको थियो ।"

## मतदाता नामावली

माघ २४, २०७८ मा निर्वाचन मिति घोषणा भएपछि मतदाता दर्ता रोकियो । तर फागुन ९, २०७८ मा निर्वाचन आयोगले मतदाता परिचयपत्र नष्ट भएको वा हराएको भए नयाँ बनाउन

तथा त्रुटि सच्याउन प्रदेश वा जिल्ला निर्वाचन कार्यालयमा फागुन २०, २०७८ सम्म निवेदन दिन सूचना जारी गर्‍यो । व्यक्ति स्वयं उपस्थित हुन नसकेमा इमेल वा फ्याक्समार्फत निवेदन पठाउन सकिने व्यवस्था थियो ।

मतदाता नामावलीमा दर्ता नभएका नागरिक पनि पर्यवेक्षण गरिएका स्थानीय तहमा भेटिए । आफ्नो वडामा दर्ता प्रक्रिया सञ्चालन हुँदा रोजगारी या अन्य कामका सिलसिलामा अन्यत्र रहेकाले ती छुटेका थिए । केही नागरिकले नाम दर्ता गराउने जानकारी समयमा नपाउँदा पनि आफू छुटेको बताए । नागरिकता नभएकाले मतदाता परिचयपत्र बनाउन नसकेका समेत भेटिए । मतदाता नामावली दर्ता रोकिइसकेपछि पनि आफ्नो नाम मतदाता नामावलीमा समावेश गराउन जिल्ला निर्वाचन कार्यालय आएका र तिनलाई दर्ता नगरी फर्काउनु परेको केही जिल्ला निर्वाचन अधिकारीले बताए । मृत्यु भइसकेका व्यक्तिको नाम पनि मतदाता नामावलीबाट नहटाइएको पाइयो ।

## मतदाता परिचयपत्र वितरण

वैशाख २८ र २९, २०७९ मा हरेक मतदान स्थलबाट नयाँ थपिएका, त्रुटि सच्याउन आवेदन दिएका र मतदान केन्द्र अद्यावधिक गरिएका मतदातालाई परिचयपत्र वितरण गरिएको थियो । नागरिकता वा आफ्नो परिचय खुल्ने सरकारी कागजातका आधारमा मतदाता र एकाघरका सदस्यहरूलाई परिचयपत्र वितरण गरियो । तर केही मतदान स्थलमा दलका कार्यकर्ताले आफ्नो टोल/वडाका मतदाताको परिचयपत्र लिएर गएको पनि पाइयो । बागमती प्रदेशको तामाकोशी गाउँपालिकामा अमर माध्यमिक विद्यालय मतदान स्थलबाट एक दलका प्रतिनिधिले आफूले वितरण गर्ने भनेर १२५ परिचयपत्र लिएर गए । विपक्षी दलका उम्मेदवार र कार्यकर्ताले यसविरुद्ध नाराबाजी गरेपछि मतदान स्थल तनावपूर्ण बन्यो । ती व्यक्तिबाट प्रहरीले परिचयपत्र फिर्ता लिई मतदान अधिकृतलाई दिएपछि स्थिति सामान्य भयो ।

पर्यवेक्षण गरिएका मतदान स्थलमध्ये बागमती प्रदेशको काठमाडौँ महानगरपालिकाका मतदान स्थलमा मतदाता परिचयपत्र लिन आउने कम थिए । उदाहरणको लागि, काठमाडौँ महानगरपालिकाको बानेश्वर क्याम्पस मतदान स्थलमा २०० नयाँ मतदाता परिचयपत्र आएकोमा दुई दिनमा २० जनाले मात्र लगेको र बाँकी १८० परिचयपत्र निर्वाचन आयोगमै फिर्ता पठाइएको थियो । केही मतदान स्थलमा वितरणका लागि आउनुपर्ने जति मतदाता परिचयपत्र नआएको

पाइयो । उदाहरणको लागि, जानकी गाउँपालिकाको सरस्वती माध्यमिक विद्यालय मतदान स्थलमा 'क्ष', 'ज्ञ', 'त्र', 'प' 'स' र 'ह' बाट नाम शुरू भएका मतदाता परिचयपत्र मात्र आएका थिए। कर्णाली प्रदेशको ठूलीभेरी नगरपालिकाको सरस्वती माध्यमिक विद्यालय मतदान स्थलमा र बागमती प्रदेशको काठमाडौँ महानगरपालिकाको कोटदेवी इङ्गलिश बोर्डिङ् स्कुल मतदान स्थलमा मतदाताको नाम मतदाता नामावलीमा भए पनि परिचयपत्र भेटिएन।

### मतदाता परिचयपत्रमा त्रुटि

मतदाता परिचयपत्रमा मतदाताको नाम, थर, ठेगाना, मतदान स्थल, उमेर, लिङ्ग जस्ता विवरणमा त्रुटि भएको पाइयो । नुवाकोटमा एक महिलाको परिचयपत्रमा लिङ्ग पुरुष उल्लेख भएको र उनको उम्मेदवारी दर्तामै समस्या भई निर्वाचन आयोगमा सच्याउन अनुरोध गरेपछि सच्चिएर आएको जिल्ला निर्वाचन कार्यालयका अधिकारीले बताए। "मतदाताको हकमा यस्तो विवरण तुरुन्त सच्याउन सम्भव छैन" उनले थपे। लुम्बिनी प्रदेशको मालारानी गाउँपालिकामा वितरण गरिएको एक परिचयपत्रमा जिल्लाको नाम सोलुखुम्बु थियो, साथै बाबु-आमाको नाममा पनि त्रुटि थियो। गोसाइँकुण्ड गाउँपालिकाको एक मतदाता परिचयपत्रमा नागरिकता नम्बरको ठाउँमा जन्म मिति थियो। गण्डकी प्रदेशको माछापुच्छ्रे गाउँपालिकामा एक मतदाताले यसपटक आफ्नो मतदान स्थल परिवर्तन भएर आएको बताए।

## ५. निर्वाचन प्रचारप्रसार

### प्रचारप्रसारका माध्यम

उम्मेदवारी दर्ता गरेपछि उम्मेदवारले प्रचारप्रसारका गतिविधि शुरू गरे। प्रचारप्रसारको मुख्य माध्यम घरदैलो थियो। मतदाता भेटघाट गर्दा उम्मेदवारले पर्चा, पम्पलेट, प्रतिज्ञापत्र, घोषणापत्र र नमुना मतपत्र वितरण गरेका थिए। त्यसै गरी सवारी साधनमा आफ्ना उम्मेदवारलाई मत दिन अनुरोध गरिएका गीत र सन्देश बजाउँदै प्रचारप्रसार गरिएको थियो। सार्वजनिक र निजी गाडीमा दलका झण्डा र चुनाव चिह्न अंकित झण्डा राखिएका थिए। कतिपय घरमा पनि दलका झण्डा टाँगिएका थिए। उम्मेदवारले कोणसभा र आमसभा पनि गरे।

तिनले पत्रपत्रिका, रेडियो, टेलिभिजन, अनलाइन पत्रिका र सामाजिक सञ्जालमा प्रचारप्रसार गरेका थिए। यसका साथै मतदातालाई प्रत्यक्ष टेलिफोन र एसएमएसमार्फत पनि भोट मागियो। पर्यवेक्षण गरिएका स्थानीय तहमा उम्मेदवारले प्रचारप्रसारका गतिविधि निर्बाध रूपमा गरेको बताए।

उम्मेदवारविरुद्ध नकारात्मक सन्देश फैलाउन सामाजिक सञ्जालको अत्यधिक प्रयोग भयो। टीकापुर नगरपालिकामा नेपाली काँग्रेसका प्रमुख पदका उम्मेदवारविरुद्ध भदौ ७, २०७२ मा टीकापुरमा भएको हिंसात्मक घटनालाई जोडेर सामाजिक सञ्जालमा नकारात्मक प्रचारप्रसार गरिएको पाइयो।

## प्रचारप्रसार खर्च

उम्मेदवारले गर्न पाउने खर्चको शीर्षक र सीमा निर्वाचन आयोगले तोकेको छ। महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकाका उम्मेदवारका लागि निर्वाचन खर्चका सीमा फरक छन् (हेर्नुहोस् तालिका १)।

निर्वाचन आयोगले तोकेको सीमाभन्दा धेरै गुणा बढी रकम खर्च हुने दाबी उम्मेदवार र राजनीतिक दलका प्रतिनिधिले गरेका थिए। नागरिकले पनि तोकिएको सीमाभन्दा धेरै खर्च हुने गरेको बताए। आयोगले सरोकारवालासँग गरेको एक छलफलमा राजनीतिक दलका प्रतिनिधिले निर्वाचन खर्चको सीमा अव्यावहारिक भएको बताएका थिए। उनीहरूले निर्वाचनमा महानगर प्रमुखको उम्मेदवारको खर्च सीमा कम्तीमा एक करोड तोक्न प्रस्ताव गरेका थिए।[6] मधेश प्रदेशको वीरगंज महानगरपालिकामा उपप्रमुख पदकी एक आकांक्षीले निर्वाचन आयोगले निर्धारण गरेको सीमाभन्दा धेरै खर्च हुने बताइन्। २०७४ को स्थानीय निर्वाचनमा पनि उपप्रमुख पदमा नै चुनाव लडेकी उनले भनिन्, "२०७४ को चुनावमा मैले ३५ लाख रूपैयाँ खर्च गरे। यस पालि झन् सबै कुरा महङ्गो भएको छ। त्यसैले यो चुनावमा उम्मेदवारको खर्च झन् बढी हुन्छ।" मधेश प्रदेशकै पटेर्वा सुगौली गाउँपालिकाको उपाध्यक्ष पदका दावेदारलाई उनको दलले निर्वाचनमा खर्च गर्न ५० लाख जुटाउन भनेको थियो।

---

[६] श्रेष्ठ, मकर। २०७८। उम्मेदवारको खर्च बढीमा साढे सात लाख। *कान्तिपुर*, फागुन २८। https://ekantipur.com/news/2022/03/12/164704686631922170.html मा उपलब्ध; असार १३, २०७९ मा हेरिएको।

**तालिका १ : स्थानीय तह निर्वाचनमा उम्मेदवारले गर्न पाउने खर्च सीमा (नेपाली रूपैँयामा)**

| क्र.सं. | खर्च शीर्षक | महानगरपालिका | | उपमहानगरपालिका | | नगरपालिका | | गाउँपालिका | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रमुख/ उपप्रमुख | वडाध्यक्ष र वडा सदस्य, महिला सदस्य र दलित वा अल्पसंख्यक सदस्य | प्रमुख/ उपप्रमुख | वडाध्यक्ष र वडा सदस्य, महिला सदस्य र दलित वा अल्पसंख्यक सदस्य | प्रमुख/ उपप्रमुख | वडाध्यक्ष र वडा सदस्य, महिला सदस्य र दलित वा अल्पसंख्यक सदस्य | अध्यक्ष/ उपाध्यक्ष | वडाध्यक्ष र वडा सदस्य, महिला सदस्य र दलित वा अल्पसंख्यक सदस्य |
| १ | मतदाता नामावली खरिद | १,००० | ५०० | १,००० | ५०० | १,००० | ५०० | १,००० | ५०० |
| २ | सवारी साधन/ घोडा | १५०,००० | ३०,००० | ११०,००० | २०,००० | ९०,००० | १६,००० | ६०,००० | ११,००० |
| ३ | सवारी इन्धन/दाना | ४०,००० | १५,००० | २६,००० | १५,००० | १९,००० | ११,००० | २०,००० | ५०० |
| ४ | प्रचारप्रसार सामग्री | १००,००० | १००,००० | ८५,००० | ३५,००० | १००,००० | ७०,००० | ८०,००० | ६०,००० |
| ५ | ढुवानी | २५,००० | १०,००० | १५,००० | ८,००० | १०,००० | ७,००० | ६,००० | ५,००० |
| ६ | गोष्ठी/कार्यकर्ता परिचालन | १३९,००० | ७५,००० | १००,००० | ६५,००० | ८०,००० | ५१,००० | ८०,००० | ३२,००० |
| ७ | अन्य प्रचारप्रसार (छापा एवं प्रसारण माध्यम) | ९५,००० | २०,००० | १००,००० | १५,००० | ६०,००० | १०,००० | ३०,००० | ७,००० |
| ८ | कार्यालय सञ्चालन | १००,००० | २०,००० | ४०,००० | ६७,००० | ३०,००० | १२,००० | १८,००० | १०,००० |
| ९ | प्रतिनिधि परिचालन | ७५,००० | २५,००० | ६०,००० | २०,००० | ५०,००० | १८,००० | ४५,००० | १६,००० |
| १० | विविध | २५,००० | ४,५०० | १३,००० | ४,५०० | १०,००० | ४,५०० | १०,००० | ३,५०० |
| जम्मा | | ७५०,००० | ३००,००० | ५५०,००० | २५०,००० | ४५०,००० | २००,००० | ३५०,००० | १५०,००० |

*स्रोत : निर्वाचन आयोग नेपाल ।*[7]

सुदूरपश्चिम प्रदेशको एक नगरपालिकामा चुनाव प्रचारप्रसार व्यवस्थापनको जिम्मेवारी पाएका नेकपा (एमाले) का प्रतिनिधिले कम्तीमा ५४ लाख खर्च हुने आकलन गरे । उनले

[७] निर्वाचन आयोग नेपाल । २०७८ । निर्वाचन आयोगको सूचना १ । *नेपाल राजपत्र*, चैत ७ ।

कार्यकर्ता परिचालन, सवारी साधन, इन्धन, सभा तथा ऱ्याली लगायतका क्रियाकलापमा अत्यधिक खर्च हुने भएकाले आयोगले तोकेको सीमाभित्र रहेर निर्वाचनमा प्रतिस्पर्धा गर्न असम्भव हुने बताए।

## खर्चको जोहो

खर्चको जोहो उम्मेदवारले विभिन्न स्रोतबाट गरेको पाइन्छ। दलीय उम्मेदवारलाई दलले केही सहयोग गर्ने भए पनि मुख्यतः उम्मेदवारले नै खर्चको रकम जुटाउनुपर्छ। उम्मेदवारको व्यक्तिगत सम्पत्ति र चन्दास्वरूप उपलब्ध हुने आर्थिक तथा जिन्सी सहयोग नै प्रचारप्रसार खर्च धान्ने स्रोत हुन्। उम्मेदवारले खर्च जुटाउन जमिन वा सेयर पनि बेचेको बताए। यसबाहेक व्यापारी, व्यवसायी, कर्मचारी, आफन्त, परिवार र मित्रले पनि सहयोग गरेको जनाए।

टीकापुर नगरपालिकामा नेपाली काँग्रेसका एक प्रतिनिधिले दलभित्र प्रमुख पदको दाबी गर्न मात्र पनि १० हजार रूपैयाँ बुझाउनुपरेको बताए। त्यस्तै सोही नगरपालिकामा नेकपा (एमाले) मा प्रमुख र उपप्रमुख पदको उम्मेदवारी दाबी गर्न क्रमश: २५ हजार र १५ हजार रूपैयाँ बुझाउनुपर्ने नेकपा (एमाले) कै एक प्रतिनिधिले भने। उनले थपे, "दलले पैसावाल व्यक्तिले मात्र चुनावमा उम्मेदवारी दिऊन् भन्ने अवस्था सिर्जना गऱ्यो। यसले सीमान्तकृत र पैसा नभएका व्यक्तिलाई उम्मेदवारी दाबी नै गर्न नसक्ने बनायो।"

राजनीतिक दलले अत्यन्त सीमित रकम उम्मेदवारलाई दिएको थियो। राष्ट्रिय दलको मान्यता प्राप्त एक दलका केन्द्रीय सदस्यले आफ्नो दलले प्रत्येक प्रदेशमा ५० लाख रूपैयाँ पठाएको बताए। उनका अनुसार प्रदेश कमिटीमार्फत सो रकम प्रदेश भरिका उम्मेदवारलाई वितरण गरियो तर प्रदेश नेतृत्वसँग उम्मेदवारको पहुँचको आधारमा बढी वा घटी रकम दिइयो।

## चुनावी मुद्दा

उम्मेदवारका मुख्य चुनावी मुद्दा सेवा प्रवाह र पूर्वाधार विकासको वरिपरि केन्द्रित थिए। उनीहरूले शिक्षा, स्वास्थ्य र कृषिमा सुधारका साथै बाटो-घाटो निर्माण, खानेपानीको व्यवस्था आदि आफ्ना प्राथमिकतामा रहेको बताए। पर्यटन र रोजगार प्रवर्द्धनका विषय पनि केही उम्मेदवारले उठाएका थिए। कतिपय उम्मेदवारले आफ्नो पालिकालाई 'नमुना' गाउँ/नगर

पालिका बनाउने लक्ष्य राखेका थिए। माछापुच्छ्रे गाउँपालिकामा नेपाली काँग्रेसका अध्यक्ष पदका उम्मेदवारले पर्यटन र कृषिलाई प्राथमिकता दिई नमुना गाउँपालिका बनाउने लक्ष्य लिएको बताए। प्राकृतिक स्रोत साधनमा पालिका धनी भएकाले आन्तरिक राजस्व आर्जन यथेष्ट हुने र त्यसमार्फत चाहेजस्तो विकासका गतिविधि सञ्चालन गर्न सकिने उनको दाबी थियो।

काठमाडौँ महानगरपालिकाका उम्मेदवारले नेवारी संस्कृति तथा सम्पदा संरक्षण, फोहरमैला व्यवस्थापन, सार्वजनिक शौचालयको व्यवस्था र सुकुमबासी बस्ती व्यवस्थापनका मुद्दा मुख्य रूपमा उठाएका थिए। तराईका स्थानीय तहमा बाढी पीडित र विपन्न बस्तीमा आवासको प्रबन्ध, बालविवाह उन्मूलन जस्ता कार्यक्रम पनि उम्मेदवारका कार्यसूचीमा थिए। टीकापुर नगरपालिका र जानकी गाउँपालिकामा उम्मेदवारले कुटीर उद्योग सञ्चालन, खुल्ला चौपायाको व्यवस्थापन, बाढी पीडित र सुकुमबासी समस्या समाधान गर्ने विषय समावेश गरेका थिए।

राष्ट्रिय प्रजातन्त्र पार्टीका उम्मेदवारले हिन्दू राज्य र राजतन्त्रको पुनर्स्थापनाको मुद्दा पनि समावेश गरेको पाइयो। मंगोल नेशनल अर्गनाइजेशन र नागरिक उन्मुक्ति पार्टीले पहिचानको मुद्दालाई प्रमुख रूपमा उठाएका थिए।

## आचारसंहिता

निर्वाचन आयोगले सरकार, कर्मचारी, सुरक्षा निकाय, सञ्चारमाध्यम, गैर सरकारी संस्था, राजनीतिक दल, उम्मेदवार र नागरिकले पालना गर्नुपर्ने नियम समेटी आचारसंहिता बनाएको छ।

प्रचारप्रसारका क्रममा आचारसंहिताको उल्लङ्घन व्यापक भएको पाइयो। अनुगमन फितलो भएकाले पनि आचारसंहिता उल्लङ्घन अत्यधिक भएको नागरिकले बताए। अधिकांश उम्मेदवारले प्रयोग गरेका निर्वाचन चिह्न अंकित झण्डाको आकार आचारसंहिताले तोकेकोभन्दा ठूला थिए। त्यसै गरी आयोगले निर्धारण गरेको संख्याभन्दा बढी सवारी साधनको प्रयोग भएको थियो। प्रचारप्रसारमा लाउडस्पीकर बजाउन नपाइने भए पनि यसको प्रयोग सबैतिर भएको पाइयो। बिहान ८ बजेदेखि साँझ ७ बजेसम्म मात्र प्रचारप्रसार गर्ने

समय तोकिएकोमा कतिपय स्थानमा बेलुकी अबेरसम्म पनि प्रचारप्रसार गरेको देखियो । आचारसंहिता विपरीत प्रचारप्रसारमा बालबालिकालाई समावेश गरिएको थियो ।

मौन अवधिमा उम्मेदवारले सार्वजनिक कार्यक्रम गरेको पाइएन । तर तिनले व्यक्तिगत तवरमा मतदाता भेटघाट भने जारी राखेका थिए । त्यसै गरी मौन अवधिमा प्रचारप्रसार वर्जित भए पनि सामाजिक सञ्जालमार्फत उम्मेदवार र तिनका समर्थक सक्रिय देखिए ।

निर्वाचन अधिकृतको कार्यालयमा आचारसंहिता उल्लङ्घनविरुद्ध उजुरी कम पर्ने र झन् लिखित उजुरी त ज्यादै कम पर्ने गरेको ती कार्यालयका प्रतिनिधिहरूले बताए । प्रायजसो उम्मेदवारले कुनै न कुनै रूपमा आचारसंहिता उल्लङ्घन गरेकाले एकले अर्काको उजुरी नगरेको बताइयो । लिखित उजुरी परेपछि भने निर्वाचन कार्यालयले स्पष्टीकरण सोधेका केही उदाहरण थिए । गण्डकी प्रदेशको पोखरा महानगरपालिकाका तत्कालीन प्रमुखले पुल उद्घाटन गरेपछि मतदाता प्रभावित हुने गरी किन पुल उद्घाटन गरेको भनी स्पष्टीकरण सोधिएको थियो । यद्यपि, आचारसंहिता उल्लङ्घन गर्नेलाई कारबाही नै गरेको भने पाइएन ।

# ६. मतदाता शिक्षा

## निर्वाचन आयोगको कार्यक्रम

मतदाता शिक्षाले निर्वाचनको विधि तथा प्रणाली, मतदानको विधि, मतदाता नामावलीमा नाम दर्ता प्रक्रिया आदिबारे सुसूचित गराउने हो । मतदाता शिक्षा निरन्तरको प्रक्रिया भए पनि चुनावको आसपासमा मात्र यसलाई सीमित गरिएको छ । निर्वाचनसम्बन्धी सूचना र जानकारी प्रवाह गर्न निर्वाचन आयोगले सञ्चार माध्यम र सामाजिक सञ्जाललाई प्रयोग गरेको थियो । तर यी माध्यममा खास गरी शहरिया र शिक्षित व्यक्तिको मात्रै पहुँच थियो । यसबाहेक निर्वाचनबारे सूचना दिन आयोगले पर्चा र ब्रोसर तयार पारेको भए पनि त्यस्ता सामग्री सार्वजनिक स्थलमा कमै मात्र देखिए । मतदातासँग प्रत्यक्ष भेटेर जानकारी दिने कार्यक्रम गरेको पाइएन । विगतमा आयोगका तर्फबाट स्वयंसेवकले मतदातालाई घरै गएर मतदानको तरिका सिकाए पनि यस पटक त्यसो गरिएन ।

मतदाता शिक्षासम्बन्धी निर्वाचन आयोगले तयार पारेको सीमित सामग्रीमा पनि भाषिक विविधतालाई ध्यान दिइएको थिएन । उदाहरणका लागि, बहुसंख्यक तामाङ भाषी मतदाता

भएको गोसाइँकुण्ड गाउँपालिकामा नेपाली भाषामा मात्र मतदाता शिक्षा सामग्री देखिए । अवधी भाषी बहुलता रहेको नेपालगञ्ज उपमहानगरपालिकामा राखिएको डिजिटल बोर्डमा नेपाली भाषामा मात्र सूचना प्रवाह गरिएको थियो । साथै मतदाता शिक्षा सामग्री पोष्टर र पर्चामा प्रयोग भएको रंग तथा अक्षरको आकार न्यून दृष्टिसम्बन्धी समस्या भएकाले राम्ररी पढ्न नसक्ने भन्ने गुनासो सुनियो ।

मौन अवधिमा मतदान स्थलमा मतदाता शिक्षा दिने कार्यक्रम निर्वाचन आयोगले सार्वजनिक गरेको थियो । तर पर्यवेक्षण गरिएकामध्ये अत्यन्त थोरै मतदान स्थलमा मात्र मतदाता शिक्षा सञ्चालन गरिएको थियो । बागमती प्रदेशका आमाछोदिङमो गाउँपालिका, टोखा नगरपालिका, कागेश्वरी मनोहरा नगरपालिका र गण्डकी प्रदेशको वालिङ नगरपालिकाका केही मतदान स्थलमा परिचयपत्र संकलन गर्न आएका सीमित मतदातालाई मत संकेत गर्नेबारे जानकारी दिइएको पाइयो । मतदान स्थलमा भेटिएका अधिकांश मतदान कर्मचारीले मतदाता शिक्षा दिने भन्ने जानकारी नभएको बताए ।

केही मतदान स्थलमा भने नमुना मतदान कार्यक्रम सञ्चालन गरिएको थियो । ठूलीभेरी नगरपालिकाको सरस्वती माध्यमिक विद्यालय मतदान स्थल, काठमाडौँ महानगरपालिकाको गुह्येश्वरी माध्यमिक विद्यालय मतदान स्थल, गोसाइँकुण्ड गाउँपालिकाको रसुवा माध्यमिक विद्यालय मतदान स्थलमा नमुना मतदान गरिएको पाइयो । निर्वाचनमा खटिएका कर्मचारी, राजनीतिक दलका प्रतिनिधि, उम्मेदवार तथा सुरक्षा निकायका व्यक्ति मात्र यी नमुना मतदानमा सहभागी थिए ।

## उम्मेदवारको पहल

उम्मेदवार तथा तिनका प्रतिनिधिले मतपत्रमा मत संकेत गर्ने तरिकाबारे टोल-टोलमा गएर मतदातालाई जानकारी गराएका थिए । टीकापुरको एउटा वडामा नेकपा (एमाले) का वडाध्यक्षसहित सदस्य पदका उम्मेदवारहरूले टोल विभाजन गरेर मतदातालाई मतदान गर्ने तरिका सिकाएको देखियो । कर्णाली प्रदेशको लेकबेसी नगरपालिका वडा नम्बर ४ का वडाध्यक्षका स्वतन्त्र उम्मेदवारले १५ जनाको टोली बनाएर आफ्नो चिह्नमा मतदान गर्न सिकाएको पाइयो । केही दलले भने मतदान गर्ने तरिका सिकाउन स्वयंसेवक नै परिचालन

गरेका थिए । बागमती प्रदेशको भक्तपुर नगरपालिकामा नेपाली काँग्रेसले २३० स्वयंसेवक खटाएको थियो ।

केही स्थानीय तहमा भने मत संकेत गर्ने तरिका सिकाउन उम्मेदवारले पारिश्रमिक दिएरै कार्यकर्ता खटाएका थिए । मालारानी गाउँपालिकामा गठबन्धनका उम्मेदवारका त्यस्ता १२ कार्यकर्ता थिए । ती हरेकलाई प्रतिदिन एक हजार रूपैयाँ र दुई सयको फोन रिचार्ज कार्ड दिइएको थियो । त्यस्तै बागमती प्रदेशको कालिञ्चोक गाउँपालिका वडा नम्बर ६ मा वडाध्यक्ष उम्मेदवारहरूले पनि पारिश्रमिक दिएर कार्यकर्ता परिचालन गरेका थिए । उम्मेदवारको चुनाव चिह्नमा स्वस्तिक छाप लगाएको नमुना मतपत्र देखाएर वा वितरण गरेर मतदातालाई मत संकेतबारे बुझाएका थिए । बागमती प्रदेशका मन्थली नगरपालिका र गोसाइँकुण्ड गाउँपालिकामा दलहरूले घरदैलो कार्यक्रममा स्वस्तिक छाप र नमुना मतपत्र नै लगेर मतदातालाई आफ्नो चुनाव चिह्नमा मतदानको अभ्यास गराएका थिए ।

गठबन्धन गरेका दललाई मत संकेत गर्नेबारे मतदातालाई सिकाउन झञ्झटिलो भएको बताइयो । फरक दलका चुनाव चिह्न मतदातालाई चिनाएर बदर नहुने गरी मतदान गर्न सिकाउँदा मतदाता अलमलिएको गठबन्धनबाट प्रचारमा संलग्न प्रतिनिधिहरूले बताए । प्रदेश १ को इटहरी उपमहानगरपालिकामा गठबन्धनका तर्फबाट मत संकेत गर्ने तरिका सिकाउन गएका स्वयंसेवकले धेरै प्रयास गर्दा पनि मतदाता अलमलमा परेपछि सातै ओटा पदमा एउटै चिह्नमा लहरै मतदान गर्न सिकाएका थिए । गठबन्धनका कारण सही तरिकाले क्रस भोट गर्न नजान्दा धेरै मत बदर हुन सक्ने अनुमान गठबन्धनसम्बद्ध उम्मेदवार तथा तिनका प्रतिनिधिले गरे ।

# ७. मतदानको दिनको गतिविधि

## मतदान स्थल

मतदान स्थलमा छेकबार लगाउने, महिला र पुरुषको छुट्टाछुट्टै पंक्तिका लागि डोरी टाङ्ने, मत संकेतका लागि गोप्य कक्ष तयार पार्ने, आवश्यक फर्निचरको व्यवस्था गर्ने, सर्वपक्षीय बैठक गर्ने आदि काम मतदानको एक दिनपहिले नै सम्पन्न गरिएको थियो । घाम पानीबाट जोगिन मतदान स्थालमा पाल टाँगिएको थियो ।

मतदान स्थलमा मतपेटिका, मतपत्र, स्वस्तिक छाप, मसी, मतदाता नामावलीलगायत आवश्यक सामग्री उपलब्ध थिए। पर्यवेक्षण गरिएका ७० मतदान स्थलमध्ये ५९ ओटा शैक्षिक संस्था थिए । गाविस भवन, कृषि भवन, जिल्ला समन्वय समिति भवन, वडा कार्यालय, सेवा केन्द्र जस्ता स्थान नौ ओटा थिए भने एउटा मन्दिर र एउटा स्वास्थ्य संस्थालाई पनि मतदान स्थल बनाइएको थियो । कतिपय मतदान स्थल अत्यन्त साँघुरा थिए भने कतिपय भिरालो ठाउँमा थिए। त्यसैले मतदातालाई हिँडडुल गर्न र पंक्तिबद्ध भएर उभिन गाह्रो भएको थियो। केही मतदान स्थलमा भने शौचालय, पिउने पानी आदि जस्ता सुविधा नभएको पाइयो। कतिपय मतदान स्थलमा आवश्यक फर्निचरको कमी भएको मतदान अधिकृतले बताए।

## मतदान शुरूआत

पर्यवेक्षण गरिएका ७० मतदान स्थलमध्ये ५१ ओटामा बिहान ७ बजे नै मतदान शुरू भएको थियो। बाँकी १९ मतदान स्थलमा करीब आधा घण्टादेखि एक घण्टा ढिलो भयो। तीमध्ये धेरैजसोमा राजनीतिक दलका प्रतिनिधि समयमै उपस्थित नभइदिनाले यस्तो ढिलाइ भएको थियो । त्यसबाहेक, मतदान स्थलमा खटिएका कर्मचारीको अलमल र व्यवस्थापकीय पक्षमा विवादका कारण पनि ढिलो भयो । उम्मेदवारहरू आफ्नो फोटो र मत चिह्न भएको परिचयपत्रसहित उपस्थित हुँदा, मतदाताले मोबाइल साथमा लिएर मतदान गर्न जान पाउने/नपाउने विषयमा र दलका कार्यकर्ताले फोटो सहितको मतदाता सूची पाउनुपर्ने माग राख्दा विवाद भएको थियो। केही स्थलमा मतदान अधिकृतले उम्मेदवारका प्रतिनिधिलाई ७ बजे अगावै परिचयपत्र वितरण नगर्नाले पनि ढिलाइ भएको थियो।

## मतदाता व्यवस्थापन

मतदान प्रक्रिया शुरू हुनु अगावै मतदान स्थलमा मतदाता आउन थालेका थिए। महिला र पुरुषको छुट्टाछुट्टै पंक्ति थियो । बच्चा सहितका महिला, ज्येष्ठ नागरिक, बिरामी, अपांगता भएका व्यक्तिलाई लाममा बस्न नपर्ने गरी मतदान गर्न दिइएको थियो। तर अधिकांश मतदान स्थल ज्येष्ठ नागरिक र अपांगता भएका व्यक्तिमैत्री थिएनन्।

मतदाता परिचयपत्र र मतदाता नामावलीको क्रमसंख्या नमिलेकोले नाम रुजु गर्ने कर्मचारी र मतदाताले निकै समस्या व्यहोर्नु परेको थियो। यसले मतदान प्रक्रिया ढिलो बनायो। मतदाता परिचयपत्रको क्रमांक र मतादाता नामावलीमा उल्लिखित क्रमांक नमिलेकाले कुन केन्द्रको लाइनमा बस्ने भन्ने अन्योल थियो। एउटा लाइनमा बसेर नाम रुजु गर्दा नभेटिएपछि अर्को लाइनमा फेरि उत्तिकै समय बस्नुपर्दा मतदाताले दिक्क मानेका थिए। दुई-दुई ओटा लाइनमा बसेर पनि नाम नभेटिएपछि कतिपय मतादाता रिसाए। अर्को केन्द्रमा जाने झमेला नगरी 'भोट नै हाल्दिनँ' भन्दै फर्किएका मतदाता पनि धेरै भएको बताइयो। यस्तो समस्या धेरै केन्द्र भएका मतदान स्थलमा अझ टड्कारो देखिन्थ्यो। टीकापुर नगरपालिकाको १३ केन्द्र भएको वीरेन्द्र विद्यामन्दिर माध्यमिक विद्यालयमा तीन केन्द्रको लाइनमा बस्दा पनि नाम नभेटिएपछि तीन महिला रिसाएर फर्केको डीआरसीएनका पर्यवेक्षकले देखेका थिए।

## मतदान गर्न रोक

पर्यवेक्षण गरिएका ७० मतदान स्थलमध्ये २९ मतदान स्थलमा विभिन्न कारणले मतदाता मत हाल्नबाट वञ्चित भए। मतदाता परिचयपत्र भए पनि मतदाता नामावलीमा नाम नभेटिएको, नाम वा थर नमिलेको, मतदाता नामावलीमा नाम भएको तर मतदाता परिचयपत्र र अन्य परिचयपत्र नभएको जस्ता कारणले गर्दा तिनले भोट हाल्न पाएनन्। गोसाइँकुण्ड गाउँपालिकाको गाउँ फर्क राष्ट्रिय प्राथमिक विद्यालय मतदान स्थलमा मतदातालाई दलका प्रतिनिधिको सहमतिमा नागरिकताको प्रतिलिपिका आधारमा पनि मतदान गर्न दिइयो। तर त्यही गाउँपालिकाको रसुवा माध्यमिक विद्यालय मतदान स्थलमा भने नागरिकताको प्रतिलिपिका आधारमा मतदान गर्न दिइएन।

## गोपनीयता

अधिकांश मतदान केन्द्रमा मत संकेतको गोपनीयता भङ्ग नहोस् भनी ध्यान दिएको पाइयो। मतदानमा खटिएका कर्मचारी, सुरक्षाकर्मी र उम्मदेवारका प्रतिनिधिहरू मत संकेत गर्ने कक्षबाट निश्चित दूरीमा बसेका थिए। मत संकेत गर्ने कक्षलाई बारेर राखिएको थियो। यद्यपि, पर्यवेक्षण गरिएकामध्ये आठ मतदान स्थलमा गोपनीयताबारे पर्याप्त ध्यान दिइएको पाइएन। मतदान

स्थल साँघुरो हुनाले भिडभाड भई गोपनीयतामा खलल पुगेको थियो । केही मतदान स्थलमा मत संकेत गर्ने गोप्य कक्ष मतदाता बाहिर निस्कने बाटो नजिक हुनाले सुरक्षाकर्मी र अन्य मतदाताले देख्न सकिने थियो ।

## असक्तलाई सहयोगी

पर्यवेक्षण गरिएका एक मतदान स्थलबाहेक सबै मतदान स्थलमा आफै मत संकेत गर्न नसक्ने मतदाताले एकाघरका सदस्यको मद्दत लिई मतदान गर्न पाउने सुविधा थियो । ठूलीभेरी नगरपालिकाको आदर्श माध्यमिक विद्यालय मतदान स्थलमा मतदान गर्न सहयोगी लिन नपाउने निर्णय सर्वपक्षीय बैठकले गऱ्यो ।

केही मतदान स्थलमा एकै व्यक्तिले दुई वा दुईभन्दा बढी मतदातालाई सघाउँदा विवाद भएको थियो । त्यस्तै, आफै मत संकेत गर्न सक्ने मतदातालाई समेत उम्मेदवारका समर्थकले मत हालिदिने गरेका थिए । बागमती प्रदेशको आमाछोदिङमो गाउँपालिकामा स्वास्थ्य चौकी भवन मतदान स्थल र लुम्बिनी प्रदेशको झिमरूक गाउँपालिकाको गाविस भवन मतदान स्थलमा यस्तो विवाद बढ्दै जाँदा मतदान केही समय स्थगित गर्नुपरेको थियो । यस्ता विवाद अन्य मतदान स्थलमा पनि भएका थिए ।

## सवारी साधन प्रयोगमा रोक

निर्वाचनका दिन सर्वसाधारणलाई सवारी चलाउन अनुमति थिएन । तर उम्मेदवारका सवारी साधनले मतदाता ओसारेको पर्यवेक्षकले देखे । ती सवारी साधनले वृद्ध, असक्त र बिरामी मतदातालाई मतदान स्थलसम्म पुऱ्याउने गरेको देखिन्थ्यो ।

मतदानको दिन सवारी साधन चलाउन नपाउने नियमबारे मतदाताले प्रश्न उठाएका थिए । धेरै मतदाताले मतदान स्थलसम्म पुग्न निकै कष्ट भोगेको बताए । उनीहरूका अनुसार सवारी चलाउन अनुमति भएमा खास गरी वृद्ध, अपाङ्गता भएका व्यक्ति, गर्भवती तथा नवजात शिशु सहितका महिलालाई मतदान स्थलसम्म पुग्न सहज र छिटो हुने थियो । मतदानको दिन सवारी साधनमा रोक नलगाएमा मतदाता सहभागिता बढ्ने नागरिकको राय थियो ।

## समापन

७० पर्यवेक्षकमध्ये ६८ पर्यवेक्षकले मतदान समापन प्रक्रियाको पर्यवेक्षण गर्न पाए।[८] पर्यवेक्षण गरिएकामध्ये ६५ मतदान स्थलमा अपराह्न ठीक ५ बजे नै मतदाता प्रवेश बन्द गरियो। मधेश प्रदेशको सखुवानन्कारकट्टी गाउँपालिकाको महेशवारी माध्यमिक विद्यालय मतदान स्थल, बागमती प्रदेशको बुढानिलकण्ठ नगरपालिकाको जयभद्रकाली माध्यमिक विद्यालय मतदान स्थल र लुम्बिनी प्रदेशको मालारानी गाउँपालिकाको सिद्ध नेपाल राष्ट्रिय माध्यमिक विद्यालय मतदान स्थलमा हावाहुरी र वर्षाको कारणले मतदान स्थगित भई पुन: सञ्चालन गरिएकाले ५ बजेपछि पनि मतदातालाई प्रवेश गर्न दिइयो।

पर्यवेक्षण गरिएका केही मतदान स्थलमा समापन गर्ने बेला अलमल र विवाद भयो। लुम्बिनी प्रदेशको घोराही उपमहानगरपालिकामा बालमन्दिर प्राथमिक विद्यालय मतदान स्थलको 'ख' केन्द्रमा खटिएका उम्मेदवारका एक प्रतिनिधि समापनको प्रक्रिया चलिरहेको 'क' केन्द्रका आफ्नै उम्मेदवारका प्रतिनिधिलाई सघाइरहेका थिए। उनले केन्द्र 'क' मा मतदान गर्न खोजे तर नामावलीमा उनको नाम भेटिएन। नाम 'ख' केन्द्रमा भेटियो। त्यतिञ्जेल 'ख' केन्द्रको समापन पूरा भइसकेको थियो। 'ख' केन्द्रका मतदान अधिकृतले सिल भइसकेको मतपेटिका खोल्न नमिल्ने बताए। तर विवाद बढ्दै गएपछि सर्वपक्षीय बैठक बसी केन्द्र 'ख' मा नयाँ मतपेटिका थपी उनलाई मतदान गर्न दिइयो। समापनकै कारण मत हाल्न नपाएका उम्मेदवारका अन्य दुई प्रतिनिधिले पनि मत हाल्न पाउने माग गरेपछि तिनीहरूलाई पनि त्यही मतपेटिकामा मत खसाल्न दिइयो। त्यस्तै, सुदूरपश्चिम प्रदेशमा जानकी गाउँपालिकाको कृषि भवन मतदान स्थलमा पनि मतपेटिकाको सिल तोडेर मतदान गर्न दिइएको थियो।

---

[८] बागमती प्रदेशमा बैतेश्वर गाउँपालिकाको केही मतदान केन्द्रमा भएको झडपको खबर तामाकोशी गाउँपालिकासम्म फैलिएपछि त्यहाँ पनि झडप हुन सक्ने सम्भावनालाई ध्यानमा राख्दै मतदान समापन नहुँदै डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन) का दुई पर्यवेक्षक मतदान स्थलबाट हिंड्नु पर्‍यो।

# ८. मतगणना

धेरैजसो स्थानीय तहमा वैशाख ३१, २०७९ मा मतगणना शुरू भयो। केही स्थानीय तहमा भने मतदान सकिएकै बेलुकी मतगणना शुरू गरियो। केही स्थानीय तहमा मतपेटिका गणना स्थलसम्म आइपुग्न थप समय लाग्दा गणना ढिलो शुरू भयो।

मतगणना शुरू गर्नुभन्दा पहिले मतदान अधिकृतको पहलमा सर्वपक्षीय बैठक गरी कस्तो मत संकेतलाई सदर मान्ने, गणना स्थलमा उम्मेदवारका प्रतिनिधि संख्या कति हुने, उनीहरू कति दूरीमा बस्ने आदिबारे निर्णय गरिएको थियो। धेरै स्थानीय तहमा मतगणना शुरू गर्न विवाद भएको पाइएन। तर काठमाडौँ महानगरपालिकाको सर्वपक्षीय बैठकमा पाँच जना स्वतन्त्र उम्मेदवारको पक्षबाट गणनाका लागि आपसी सहमतिमा एक मात्र प्रतिनिधि राख्ने प्रस्तावमा प्रमुख पदका उम्मेदवार बालेन्द्र शाहको समूहले असन्तुष्टि जनायो। पछि स्वतन्त्र उम्मेदवारबाट पनि एक-एक प्रतिनिधि बस्न पाउने सहमति भएपछि मतगणना शुरू गरियो।

मतगणना प्रक्रिया सुस्त, जटिल र बोझिलो थियो। एउटै मतपत्रमा धेरै चुनाव चिह्न र सात पदको निम्ति एउटै मतपत्र हुनाले मतगणना ढिलो भएको थियो। एउटै लहरमा मत संकेत गरिएका मतपत्र गन्न कम समय लागेको थियो भने छुट्टाछुट्टै लहरमा मत संकेत गरिएका मतपत्र गन्न बढी समय लागेको थियो। उम्मेदवार धेरै भएका स्थानीय तहमा एउटै मतपत्रमा समानान्तर दुई खण्ड थिए। यसले गर्दा मतदाताले आवश्यकभन्दा बाहेकका पदमा पनि मत संकेत गरेकाले मतपत्र बदर हुनुका साथै मतगणनामा थप समय लाग्यो।

गणना गर्नुपर्ने मतपत्रको अनुपातमा गणना कर्मचारी कम थिए। तिनमा पनि तालिमको अभाव र गणना प्रक्रियाबारे स्पष्टताको कमीले गणना सुस्त भएको थियो। उनै कर्मचारी निरन्तर खटिँदा थकान र अनिँदोको कारण तिनको कार्यक्षमतामा पनि ह्रास आएको गणना अधिकृतहरूले बताए।

मतपत्रमा मत संकेत गर्ने कोलम साँघुरो थियो। मतदाताले मत संकेत गर्दा स्वस्तिक छाप कोलमबाहिर पर्न गएको विषय विवादित बनेको थियो। मत बदरबारे गणना कर्मचारीबीच पनि समान बुझाइ थिएन। त्यसै गरी उम्मेदवारका प्रतिनिधिबीच पनि यसबारे बुझाइमा एकरूपता थिएन। यस्तो फरक-फरक बुझाइका कारणले बारम्बार विवाद भइरहँदा मतगणना ढिलो भएको थियो।

एक पदमा एकभन्दा बढी उम्मेदवारको निर्वाचन चिह्नमा मत संकेत वा स्वस्तिक छापबाहेक अन्य तरिकाले मत संकेत गर्नाले मत बदर भएका थिए।

## ९. पर्यवेक्षणका चुनौती

इलाम नगरपालिकाको इलाम विद्यामन्दिर, इटहरी उपमहानगरपालिकाको सरस्वती जब्दी माध्यमिक विद्यालय, बुढानिलकण्ठ नगरपालिकाको जयभद्रकाली माध्यमिक विद्यालय, बङ्गलाचुली गाउँपालिकाको सेवाकेन्द्र भवन, जानकी गाउँपालिकाको मोती माध्यमिक विद्यालय मतदान स्थलमा डीआरसीएनका पाँच पर्यवेक्षकलाई मतदानको शुरूआत प्रक्रिया पर्यवेक्षण गर्न दिइएन। बारम्बार अनुरोध गरेपछि चार पर्यवेक्षकले दिउँसो मात्र मतदान स्थलमा प्रवेश पाए। तर जयभद्रकाली माध्यमिक विद्यालय मतदान स्थलमा दिनभर नै प्रवेश दिइएन। ती पर्यवेक्षक मतदान स्थलमा प्रवेश गर्न खोज्दा, "पर्यवेक्षकले मतदान केन्द्रमा मतदाता प्रवेश गरे वा नगरेको हेर्ने हो। मतदान स्थल प्रवेशद्वारमा गएर बस्नुहोस्", मतदान अधिकृतले भने। त्यसै गरी सेवाकेन्द्र भवन मतदान स्थलमा पर्यवेक्षकलाई मतदान शुरू हुँदा प्रवेश दिइयो तर त्यसपछि उनलाई मतदान स्थलबाट बाहिर निकालियो र फेरि मतदान स्थलमा प्रवेश दिइएन।

डीआरसीएनका अन्य केही पर्यवेक्षकलाई पनि मतदान स्थलमा प्रवेश दिन नखोजेको र विभिन्न प्रश्न सोधेर प्रवेशमा निरुत्साहित गरिएको थियो। मतदान कमर्चारी र सुरक्षाकर्मीमा पर्यवेक्षणबारे बुझाइको टड्कारो अभाव थियो। प्रवेश पाएका पर्यवेक्षकलाई मतदान अधिकृत र सुरक्षाकर्मीले बारम्बार 'एकछिन हेर्नुहोस् र मतदान स्थलबाहिर जानुहोस्' भनेका थिए।

एक पर्यवेक्षकले एक मात्र मतदान स्थलमा पर्यवेक्षण गर्नुपर्ने निर्वाचन आयोगको प्रावधान थियो। यसबाट तथ्याङ्क संकलनको दायरा सीमित हुन पुग्यो भने अर्कोतिर दुई वा सोभन्दा बढी पर्यवेक्षक सम्मिलित टोलीबाट प्राप्त हुने निष्पक्ष र विश्वसनीय सूचना तथा तथ्याङ्कको अवसरबाट पनि वञ्चित हुन पुग्यो।[९]

---

[९] सूचना तथा तथ्याङ्क निष्पक्ष र विश्वसनीय होस् भनी डीआरसीएनले निर्वाचन पर्यवेक्षणको एक टोलीमा न्यूनतम दुई जना पर्यवेक्षक परिचालन गर्छ। एक टोलीले एकभन्दा बढी मतदान स्थलको पर्यवेक्षण गरी तुलनात्मक अध्ययन गर्छ। तर यस पटक निर्वाचन आयोगको बाध्यात्मक प्रावधानका कारण त्यसो गर्न सम्भव भएन।

एक पर्यवेक्षकले एक मात्र मतदान स्थलमा पर्यवेक्षण गर्नुपर्ने निर्वाचन आयोगको प्रावधान कार्यान्वयनमा समानता पाइएन । केही संस्थाका पर्यवेक्षकलाई भने एउटा मात्र मतदान स्थलमा सीमित नगरेर 'काठमाडौँ उपत्यकाभरि' वा 'जिल्लाभरि' पर्यवेक्षण गर्न अनुमति दिइएको भेटियो । त्यसै गरी सवारी साधन कति भौगोलिक क्षेत्रमा प्रयोग गर्न पाउने भन्ने प्रावधानमा पनि एकरूपता थिएन । कसैलाई मतदान स्थल तोकेर, कसैलाई वडा तोकेर, कसैलाई स्थानीय तहभरि त कसैलाई जिल्लाभरि सवारी चलाउने अनुमति दिइएको थियो ।

पर्यवेक्षण गर्ने संस्थालाई निश्चित संख्यामा मात्र सवारी अनुमति दिने निर्वाचन आयोगको प्रावधानले धेरै पर्यवेक्षकले सवारी चलाउन पाएनन् । त्यसले गर्दा उनीहरूलाई तोकिएको मतदान स्थलसम्म आवतजावत गर्न कठिन भएको थियो । अर्कोतर्फ, सवारी साधनको अनुमति सिफारिस कहाँबाट लिने भन्ने अन्योल थियो । कतै मुख्य निर्वाचन अधिकृतको कार्यालयले दिएको थियो भने कतै जिल्ला निर्वाचन कार्यालयले त कतै निर्वाचन अधिकृतको कार्यालयले सवारी साधन अनुमतिको सिफारिस गरेका थिए । यसले गर्दा पर्यवेक्षकले पर्यवेक्षणभन्दा पनि यस्ता व्यवस्थापकीय काममा अल्झिनु पऱ्यो ।

निर्वाचन आयोगले पर्यवेक्षकको न्यूनतम संख्या नै तोकेको र त्यति पुऱ्याउने संस्थालाई मात्रै पर्यवेक्षण अनुमति दिएको थियो । पर्यवेक्षणमा कति पर्यवेक्षक परिचालन गर्ने भन्ने स्वतन्त्रता पर्यवेक्षण गर्ने संस्थाको हो । त्यसमाथि निर्वाचन आयोगले पर्यवेक्षणको अनुमति दिने प्रक्रिया अन्तिम घडिमा थाल्ने भएकाले पर्यवेक्षण गर्ने संस्थाले पर्यवेक्षकको छनोट, तालिम, परिचालन जस्ता प्रबन्ध हतार-हतारमा मिलाउनु परेको थियो ।

निर्वाचन सम्पन्न भएको १५ दिनभित्र पर्यवेक्षणको प्रारम्भिक प्रतिवेदन र ३० दिनभित्र अन्तिम प्रतिवेदन निर्वाचन आयोगलाई बुझाउनुपर्ने प्रावधान छ । त्यसबाहेक निर्वाचन आयोगले हरेक पर्यवेक्षकलाई *निर्वाचन पर्यवेक्षण निर्देशिका, २०७८* को अनुसूची ९ बमोजिम पर्यवेक्षण प्रतिवेदन फारम भरी सोझै निर्वाचन आयोगमा पठाउन लगाएको थियो । पर्यवेक्षण गर्ने संस्थाले पर्यवेक्षणका योजना, विधि र प्रश्नावली स्वायत्त ढङ्गले निर्धारण गरी पर्यवेक्षण गर्ने र त्यसको आधारमा प्रतिवेदन तयार पारी सार्वजनिक गर्ने अन्तर्राष्ट्रिय अभ्यास हो । तर निर्वाचन आयोगका यी बाध्यकारी प्रावधानले पर्यवेक्षण गर्ने संस्थाको स्वायत्ततालाई चुनौती दिएका छन् ।

# १०. सुझाव

## निर्वाचन आयोगलाई

- मतदाता शिक्षा नियमित सञ्चालन गर्नुपर्ने । मतदाता शिक्षाका लागि स्थानीय भाषाको उपयोग गर्नुपर्ने ।
- मतदान स्थलमा खटिने सबै कर्मचारीलाई निर्वाचन विधि र प्रक्रियाबारे पर्याप्त तालिम दिनुपर्ने । तालिममा पर्यवेक्षणको महत्त्व र पर्यवेक्षकलाई गर्नुपर्ने व्यवहारबारे प्रस्ट जानकारी दिनुपर्ने ।
- निर्वाचनमा परिचालन गरिने सुरक्षाकर्मीलाई निर्वाचन प्रक्रिया, पर्यवेक्षणको महत्त्व र मतदातासँग गरिने व्यवहारबारे तालिम दिनुपर्ने ।
- मतदान स्थल अपाङ्गता भएका व्यक्तिमैत्री बनाउनुपर्ने ।
- मतदान स्थलमा महिलाको लागि छुट्टै शौचालय र स्तनपान कक्ष बनाउनुपर्ने । मतदान कर्मचारी र सुरक्षाकर्मीमा महिलाको संख्या बढाउनुपर्ने ।
- विद्यार्थीको अध्ययन गर्न पाउने अधिकार हनन गर्दै विद्यालयलाई मतदान स्थल नबनाउने ।
- मतपत्र सबैले सजिलै बुझ्न सक्ने बनाउनुपर्ने । सम्बन्धित स्थानीय तहमा उम्मेदवारी दिएका उम्मेदवारको चिह्न मात्र समावेश गर्नुपर्ने ।
- मतदाता नामावली र परिचयपत्रको विवरण शुद्ध पार्ने । मतदाता नामावलीमा एकै मतदाताको दोहोरो प्रविष्टि र मृत्यु भइसकेका मतदाताको विवरण रुजु गरी हटाउने ।
- मतदाता नामावलीमा नाम दर्ता स्थानीय तहमै गर्न पाउने व्यवस्था मिलाउने ।
- मतदातालाई नाम दर्ता गरेलगत्तै परिचयपत्र दिने व्यवस्था गर्नुपर्ने ।
- मतदानको दिन आवतजावतको निम्ति नागरिकले सवारी साधन प्रयोग गर्न पाउनुपर्ने ।
- मतगणना छिटो र छरितो बनाउन मतदान स्थलमा नै मतगणना गर्नुपर्ने ।
- निर्वाचन आचारसंहिता पालना सुनिश्चित गर्न सक्रिय अनुगमन गर्नुपर्ने ।
- पर्यवेक्षण गर्ने संस्थालाई निर्वाचन घोषणा हुनुलगत्तै अनुमति दिनुपर्ने । एक पर्यवेक्षकले एक मात्र मतदान स्थल पर्यवेक्षण गर्न पाउने बाध्यकारी प्रावधान हटाउनुपर्ने ।
- पर्यवेक्षण गर्ने संस्थाका लागि पर्यवेक्षकको न्यूनतम संख्या आयोगले तोक्ने प्रावधान हटाउनुपर्ने ।

- पर्यवेक्षण गर्ने संस्थाले १५ दिनभित्र प्रारम्भिक र ३० दिनभित्र अन्तिम प्रतिवेदन बुझाउनुपर्ने प्रावधान हटाउने ।
- पर्यवेक्षण गर्ने संस्थालाई पर्यवेक्षणका आफ्नै विधि र संरचनामा आधारित प्रतिवेदन लेख्न दिने ।

## राजनीतिक दललाई

- संविधानले व्यवस्था गरेअनुसार महिला, दलित र अल्पसंख्यक समुदायको प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने ।
- निर्वाचनको निश्चित मिति संवैधानिक रूपमा सुनिश्चित गर्न पहल गर्नुपर्ने ।
- मतपत्रमा 'कुनै उम्मेदवारलाई मेरो मत छैन' (नो भोट) भनी संकेत गर्न पाउने कानून निर्माणको पहल गर्नुपर्ने ।
- प्रादेशिक तथा जिल्ला निर्वाचन कार्यालयलाई थप अधिकारसहित निर्वाचन सञ्चालन गर्ने जिम्मेवारी दिन पहल गर्ने ।
- आचारसंहिता पुनरावलोकन गर्न पहल गर्ने र आफूले प्रतिबद्धता जनाएका आचारसंहिता पालना गर्ने ।

# अनुसूची

**पर्यवेक्षक र पर्यवेक्षण गरिएका स्थानीय तहको विवरण**

| क्र.सं. | पर्यवेक्षकको नाम | लिङ्ग | प्रदेश | स्थानीय तह |
|---|---|---|---|---|
| १. | अंकलाल चलाउने | पुरुष | सुदूरपश्चिम | टीकापुर नगरपालिका |
| २. | आश्मा महतो | महिला | सुदूरपश्चिम | जोशीपुर गाउँपालिका |
| ३. | गायत्री पन्त | महिला | सुदूरपश्चिम | धनगढी उपमहानगरपालिका |
| ४. | चिरन मानन्धर | पुरुष | सुदूरपश्चिम | जानकी गाउँपालिका |
| ५. | छत्र बहादुर मल्ल | पुरुष | सुदूरपश्चिम | जानकी गाउँपालिका |
| ६. | छपिलाल चौधरी | पुरुष | सुदूरपश्चिम | जानकी गाउँपालिका |
| ७. | मन्जु खड्का साउद | महिला | सुदूरपश्चिम | दोधारा चाँदनी नगरपालिका |
| ८. | सुभेश सिनाल | पुरुष | सुदूरपश्चिम | वेदकोट नगरपालिका |
| ९. | सुशिला चौधरी | महिला | सुदूरपश्चिम | धनगढी उपमहानगरपालिका |
| १०. | कुशल खत्री | पुरुष | कर्णाली | लेकबेशी गाउँपालिका |
| ११. | गोरखनाथ आचार्य | पुरुष | कर्णाली | भेरी नगरपालिका |
| १२. | चन्द्रा बुढा | महिला | कर्णाली | ठूलीभेरी नगरपालिका |
| १३. | देवीसरा रोकाया | महिला | कर्णाली | ठूलीभेरी नगरपालिका |
| १४. | भिमा कार्की | महिला | कर्णाली | शिवालय गाउँपालिका |
| १५. | अर्जुन पन्थी | पुरुष | लुम्बिनी | मालारानी गाउँपालिका |
| १६. | अस्मिता एमसी | महिला | लुम्बिनी | तुलसीपुर उपमहानगरपालिका |
| १७. | दिल बहादुर महरा | पुरुष | लुम्बिनी | नेपालगञ्ज उपमहानगरपालिका |
| १८. | शशी बन्दना मरमथानी | महिला | लुम्बिनी | घोराही उपमहानगरपालिका |
| १९. | श्याम बहादुर कुँवर | पुरुष | लुम्बिनी | झिमरूक गाउँपालिका |
| २०. | सुजित विसी | पुरुष | लुम्बिनी | पाणिनी गाउँपालिका |
| २१. | सोनु रोका मगर | महिला | लुम्बिनी | लमही नगरपालिका |
| २२. | हेमन्त दुलाल | पुरुष | लुम्बिनी | बङ्गलाचुली गाउँपालिका |
| २३. | चन्द्रशेखर पराजुली | पुरुष | गण्डकी | माछापुच्छ्रे गाउँपालिका |
| २४. | तेजराज शर्मा घिमिरे | पुरुष | गण्डकी | माछापुच्छ्रे गाउँपालिका |
| २५. | बेद बहादुर गुरुङ | पुरुष | गण्डकी | वालिङ नगरपालिका |

| क्र.सं. | पर्यवेक्षकको नाम | लिङ्ग | प्रदेश | स्थानीय तह |
|---|---|---|---|---|
| २६. | भागीरथी सुवेदी पराजुली | महिला | गण्डकी | मादी गाउँपालिका |
| २७. | यशोदा गौतम (घिमिरे) | महिला | गण्डकी | अन्नपूर्ण गाउँपालिका |
| २८. | रामचन्द्र लामिछाने | पुरुष | गण्डकी | पोखरा महानगरपालिका |
| २९. | लोकरञ्जन पराजुली | पुरुष | गण्डकी | माछापुच्छ्रे गाउँपालिका |
| ३०. | कमला अर्याल | महिला | गण्डकी | गैंडाकोट नगरपालिका |
| ३१. | सन्तोषी तामाङ | महिला | गण्डकी | भीमसेन थापा गाउँपालिका |
| ३२. | सृजना ढकाल | महिला | गण्डकी | माछापुच्छ्रे गाउँपालिका |
| ३३. | अनुभव अजीत | पुरुष | बागमती | चाँगुनारायण नगरपालिका |
| ३४. | अरूना लिम्बू | महिला | बागमती | गोसाइँकुण्ड गाउँपालिका |
| ३५. | ईश्वरी भट्टराई | पुरुष | बागमती | गोसाइँकुण्ड गाउँपालिका |
| ३६. | किरण भट्टराई | पुरुष | बागमती | ललितपुर महानगरपालिका |
| ३७. | किशोर प्रधान | पुरुष | बागमती | काठमाडौँ महानगरपालिका |
| ३८. | दिव्या खरेल | महिला | बागमती | कागेश्वरी मनोहरा नगरपालिका |
| ३९. | निरासी थामी | महिला | बागमती | कालिञ्चोक गाउँपालिका |
| ४०. | प्रणिका कोयू | महिला | बागमती | बुढानिलकण्ठ नगरपालिका |
| ४१. | बन्दना ढकाल | महिला | बागमती | किर्तिपुर नगरपालिका |
| ४२. | भवसागर घिमिरे | पुरुष | बागमती | काठमाडौँ महानगरपालिका |
| ४३. | मञ्जिता परियार | महिला | बागमती | नागार्जुन नगरपालिका |
| ४४. | मेनका क्षेत्री | महिला | बागमती | काठमाडौँ महानगरपालिका |
| ४५. | रुख गुरुङ | पुरुष | बागमती | आमाछोदिङमो गाउँपालिका |
| ४६. | रेणुका क्षेत्री | महिला | बागमती | काठमाडौँ महानगरपालिका |
| ४७. | विकासजङ्ग खड्का | पुरुष | बागमती | तामाकोशी गाउँपालिका |
| ४८. | विन्देश्वर थापामगर | पुरुष | बागमती | मन्थली नगरपालिका |
| ४९. | शशी काफ्ले | महिला | बागमती | टोखा नगरपालिका |
| ५०. | शान्त थापा | पुरुष | बागमती | तामाकोशी गाउँपालिका |
| ५१. | सन्देश दर्लामी मगर | पुरुष | बागमती | भक्तपुर नगरपालिका |
| ५२. | सरिता परियार | महिला | बागमती | गोकर्णेश्वर नगरपालिका |
| ५३. | सविना श्रेष्ठ (थापा) | महिला | बागमती | कालिञ्चोक गाउँपालिका |

| क्र.सं. | पर्यवेक्षकको नाम | लिङ्ग | प्रदेश | स्थानीय तह |
|---|---|---|---|---|
| ५४. | सावित्री बुढा मगर | महिला | बागमती | काठमाडौँ महानगरपालिका |
| ५५. | सुनिता कुमारी श्रेष्ठ | महिला | बागमती | काठमाडौँ महानगरपालिका |
| ५६. | अनिश लाल दास | पुरुष | मधेश | धनुषाधाम नगरपालिका |
| ५७. | ओम प्रकाश यादव | पुरुष | मधेश | विष्णुपुर गाउँपालिका |
| ५८. | जुना कुमारी तामाङ | महिला | मधेश | ईश्वरपुर नगरपालिका |
| ५९. | निरज कुमार मिश्र | पुरुष | मधेश | राजविराज नगरपालिका |
| ६०. | पशुपति कुमारी लामा | महिला | मधेश | मिथिला नगरपालिका |
| ६१. | मो. चाँदबाबु मिकरानी | पुरुष | मधेश | लालबन्दी नगरपालिका |
| ६२. | रिङ्कु कुमारी यादव | महिला | मधेश | लक्ष्मिनिया गाउँपालिका |
| ६३. | विमल श्रेष्ठ | पुरुष | मधेश | सप्तकोशी नगरपालिका |
| ६४. | संगीता कुमारी दास | महिला | मधेश | सबैला नगरपालिका |
| ६५. | सरोज कुमार यादव | पुरुष | मधेश | सखुवानन्कारकट्टी गाउँपालिका |
| ६६. | अनुस्पा लिम्बू | महिला | प्रदेश १ | इटहरी उपमहानगरपालिका |
| ६७. | जोन कार्की | पुरुष | प्रदेश १ | इलाम नगरपालिका |
| ६८. | दिपा राई | महिला | प्रदेश १ | इटहरी उपमहानगरपालिका |
| ६९. | विनोद अर्याल | पुरुष | प्रदेश १ | विराटनगर महानगरपालिका |
| ७०. | समन श्रेष्ठ | पुरुष | प्रदेश १ | देउमाई नगरपालिका |

डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन) ले स्थानीय तह निर्वाचन २०७९ को पर्यवेक्षण गऱ्यो । यसका लागि सातै प्रदेशका ५४ स्थानीय तहमा ७० पर्यवेक्षक परिचालन गरिएका थिए । राजनीतिक वातावरण, निर्वाचन आयोगको तयारी, उम्मेदवार छनोट तथा मनोनयन, प्रचारप्रसार, मतदाता शिक्षा, मतदान प्रक्रिया, मतगणना लगायतका पक्षलाई पर्यवेक्षण गऱ्यो । मतदानमा खटिएका कर्मचारीमा पर्याप्त तालिमको अभाव र मतदाता नामावली तथा परिचयपत्रमा त्रुटि हुनाले मतदान अव्यवस्थित भएको थियो । त्यस्तै मतदाता शिक्षासम्बन्धी कार्यक्रमको अभाव र जटिल मतपत्रले गर्दा धेरै मत बदर भए । मतगणना कर्मचारीको कमी र तिनमा मतगणनाबारे अस्पष्ट बुझाइको कारणले मतगणना सुस्त भयो ।

DEMOCRACY
RESOURCE CENTER

**डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल**

www.democracyresource.org